नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## (सीप विकास तथा तालिम शाखा)

प.सं.:०७७/७८

च.नं. : सीप विकास /०७७/७८ -- ९८

मिति : २०७७।०६।११

विषय: कार्यविधि पठाइएको सम्बन्धमा ।

श्री नगरपालिका, सबै।
श्री गाउँपालिका, सबै।

प्रस्तुत विषयमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको चालु आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रममा यस मन्त्रालयले तयार गरेको कार्यविधि अनुसार सञ्चालन हुने गरी प्रदेश र स्थानीय तहको लागत साझेदारीमा व्यावसायिक तथा सीप विकास तालिम (छोटो अवधिको घुम्ति तालिम समेत) कार्यक्रमको लागि सबै प्रदेशमा बजेट विनियोजन भएको व्यहोरा जानकारीका लागि अनुरोध छ। उक्त तालिम कार्यक्रमलाई सञ्चालन तथा व्यवस्थापन गर्न बनेको **"संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारित व्यावसायिक तथा सीप विकास तालिम (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७७"** मिति २०७७।०६।०७ गते (मा. मन्त्रीस्तर) को निर्णयबाट स्वीकृत भएकोले सो कार्यविधि आवश्यक जानकारी एवम् कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

........................

कल्पना श्रेष्ठ

(उप-सचिव)

# संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारित व्यावसायिक तथा सीप विकास तालिम (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७७

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरवार

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

**प्रस्तावनाः**

देशका विभिन्न भागमा रहेका श्रमयोग्य जनशक्तिलाई सीपयुक्त वनाई आन्तरिक एवं बाह्य श्रम बजारको माग एवं स्थानीय स्तरमा उपलब्ध साधन, श्रोतको परिचालन गरी रोजगारी,स्वरोजगारी र उद्यमशीलता प्रवर्द्धन मार्फत गरिवी र बेरोजगारी घटाउन संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सन्चालन हुने व्यावसायिक तथा सीप विकास तालिम कार्यक्रमलाईगुणस्तरीय, पारदर्शी रप्रभावकारी बनाउन वाञ्छनीयभएकोले रोजगारीको हकसम्बन्धी ऐन, २०७५ दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारित व्यावसायिक तथा सीप विकास तालिम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२.परिभाषा :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने लागत साझेदारीमा आधारित तालिम कार्यक्रमलाई सम्झनु पर्दछ ।

ख. "तालिम प्रदायक संस्था" भन्नाले तालिम संचालनको लागि नेपाल सरकारबाट मान्यता प्राप्त तालिम प्रदायक संस्था सम्झनु पर्छ ।

ग. "पाठ्यक्रम" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारबाट तालिम पाठ्यक्रम निर्माण गर्न अधिकार प्राप्त निकायबाट निर्धारित एवं स्वीकृत तालिम पाठ्यक्रमलाई सम्झनु पर्छ ।

घ. "प्रतिष्ठान" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतका व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानहरुलाई सम्झनु पर्छ ।

ङ. "प्रदेश"भन्नाले संविधान बमोजिम गठन भएको प्रदेश सरकारलाई सम्झनु पर्छ ।

च. "प्रशिक्षक" भन्नाले स्वीकृत पाठ्यक्रम अनुसार सैद्धान्तिक तथा प्रयोगात्मक सीप सिकाउन नियुक्त गरिएको प्राविधिक व्यक्तिलाई सम्झनु पर्छ ।

छ. "प्रशिक्षार्थी"भन्नाले दफा १३ बमोजिम छनौट भएका तालिममा सहभागी हुने नेपाली नागरिकलाई सम्झनु पर्छ ।

सचिव

ज. "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्छ ।

झ. "लक्षित समूह" भन्नाले नेपाल सरकारले तोकेको वर्ग र समुदायलाई सम्झनु पर्छ ।

ञ. "लागत साझेदारी" भन्नाले तालिम कार्यक्रम संचालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तह बीच हुने वित्तीय तथा गैर वित्तीय साझेदारीलाई समेत सम्झनुपर्छ ।

ट. "समिति" भन्नाले दफा ६बमोजिम गठित प्रदेश तालिम निर्देशन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

ठ. "संघ" भन्नाले नेपालको संविधानको धारा ५६ बमोजिमको राज्य संरचनाको संघीय तह सम्झनु पर्छ ।

ड. "सामाजिक विकास मन्त्रालय" भन्नाले प्रदेशस्तरमा रहेको सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्छ ।

ढ. "सीप परीक्षण" भन्नाले तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरूको सरकारी मान्यता प्राप्त सीप परीक्षण गर्ने निकायबाट लिईने सीप परीक्षण परीक्षा सम्झनु पर्छ।

ण. "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका तथा लागत साझेदारी

३. संघीय सरकारको भूमिका :लागत साझेदारी कार्यक्रम संचालन गर्दा संघीय सरकारको भुमिका देहाय बमोजिम हुनेछ,-

क. तालिम सन्चालन सम्बन्धी आवश्यक नीतिगत व्यवस्थाका साथै कार्यविधि निर्माण गर्ने ।

ख. संघीय सरकारले व्यहोर्नुपर्ने लागत साझेदारीको अंश उपलव्ध गराउने ।

ग. तालिम कार्यक्रम सन्चालनमा समन्वय र सहजिकरण गर्ने ।

घ. तालिम कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

४. सामाजिक विकास मन्त्रालयको भूमिकाः लागत साझेदारी कार्यक्रम संचालन गर्दा प्रदेशको सामाजिक विकास मन्त्रालयको भुमिका देहाय बमोजिम हुनेछ,-

क. प्रदेश सरकार र स्थानीय तहले व्यहोर्नुपर्ने लागत साझेदारीको अंश सुनिश्चित गर्ने ।

ख. प्रदेशभित्र रहेका सबै स्थानीय तहबाट तालिमको क्षेत्र, विषय र संख्या आदिको विवरण संकलन गर्ने ।

ग. प्रदेशस्तरमा संचालन गरिने तालिमको प्रशिक्षार्थी छनौटको सूचना लगायत प्रशिक्षार्थी छनौट कार्य गर्ने/गराउने ।

घ. तालिम कार्यक्रमका लागि प्रशिक्षक र श्रोत व्यक्तिको व्यवस्था गर्ने/गराउने ।

ङ. तालिमको विषय छनौट गर्ने । यसरी तालिमको विषय छनौट गर्दा निम्न आधारहरुलाई ध्यान दिई छनौट गर्ने :-

(१) स्थानीयस्तरमा सञ्चालित लघु, घरेलु तथा साना उद्योग/व्यवसाय स्थापना तथा प्रवर्द्धनमा सघाउ पुऱ्याउने विषयहरु,

(२) तालिमको आवश्यकता पहिचान र अध्ययनबाट सिफारिस गरिएका सम्भाव्य विषयहरु

(३) स्थानीय माग, आवश्यकता र स्थानीय श्रोत, साधनको उपलब्धताको आधारमा रोजगारी प्राप्ति तथा स्वरोजगारी सिर्जना गर्न सम्भाव्य देखिएका विषयहरु

(४) स्वदेशी तथा वैदेशिक रोजगारीको दृष्टिकोणले उपयोगी देखिएका विषयहरु,

(५) निर्यात प्रबर्धन तथा आयात प्रतिस्थापन गर्न सघाउ पुऱ्याउनेविषयहरु,

(६) स्थानीय उत्पादनहरुको प्रशोधन मूल्य अभिवृद्धि सम्बन्धी विषयहरु,

(७) अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको सीप स्तरोन्नति सम्बन्धी विषय,

(८) उद्योग प्रतिष्ठानमा कार्यरत श्रमिकको सीप स्तरोन्नति तथा सीप विकास सम्बन्धी विषयहरु,

च. स्थानीय तहसँग लागत साझेदारीमा सीपमूलक तालिम संचालनको लागि प्रदेश सरकारले अनुसूची १ बमोजिमको ढाँचामा सबै स्थानीय तहसँग प्रस्ताव माग गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने ।

छ. स्थानीय तहबाट प्राप्त प्रस्ताव उपर दफा ६(१) को प्रदेश तालिम निर्देशन तथा समन्वय समितिमा पेश गरी निर्णय गराउने ।

ज. प्रस्ताव छनौट भए पश्चात नियमानुसार सामाजिक विकास मन्त्रालय र स्थानीय तहबीच सम्झौता गर्ने ।

झ. सामाजिक विकास मन्त्रालय आफैले संचालन गर्ने तालिमको सन्दर्भमा साझेदारी अंश समावेश गरी लागत अनुमान तयार गरी सीपमूलक तालिम सञ्चालनको विषय, स्थान, समय र संख्या समेत एकीन गरी तालिम सहभागिताको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने, वा मातहतका निकायलाई जिम्मेवारी दिने ।

ञ. तालिमको नियमित अनुगमन गर्ने,गराउने ।

ट. तालिमको प्रगति प्रतिवेदन तयार गरी श्रम, रोजगार तथा सामाजिक सामाजिक सुरक्षा मन्त्रालयमा चौमासिक तथा बार्षिक प्रतिवेदन पठाउने।

ठ. सीपमूलक तालिमका क्षेत्र र विषय अनुसूची २ मा रहेको छ ।

५. <u>स्थानीय तहको भूमिका</u> :लागत साझेदारी कार्यक्रम संचालन गर्दा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ,-

(क) स्थानीय तहले व्यहोर्नुपर्ने लागत साझेदारीको अंश सुनिश्चित गर्ने,

(ख) प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी सीपमूलक तालिम कार्यक्रम सन्चालन गर्ने,

(ग) स्थानीय तहको आवश्यकता, स्थानीय श्रमबजारमा रोजगारी, स्वरोजगारी सिर्जनाको संभावना र स्थानीय स्रोत साधनको उपलव्धता र उपयोगको अवस्था लगायतको आधारमा तालिमको विषय एकीन गरी सामाजिक विकास मन्त्रालयमा तालिम प्रस्ताव गरी पठाउने,

(घ) तालिम प्राप्त जनशक्तिलाई रोजगारी, स्वरोजगारी वा उद्यमशीलतासँग आवद्ध गर्न पहल गर्ने,

(ङ) तालिम कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने र

(छ) आफ्नो क्षेत्रको सीप र श्रमको नक्साङ्कन गर्ने ।

६. <u>प्रदेश तालिम निर्देशन तथा समन्वय समिति</u>: (१) तालिम कार्यक्रमलाई आवश्यक नीतिगत निर्देशन तथा समन्वय गर्न देहाय बमोजिमको समिति रहनेछ:

| | |
|---|---|
| (क) मन्त्री सामाजिक विकास मन्त्रालय | संयोजक |
| (ख) सदस्य, प्रदेश नीति तथा योजना आयोग (श्रम तथा रोजगार विषय हेर्ने) | सदस्य |
| (ग) सचिव,आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (घ) सचिव,उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय | सदस्य |
| (ङ) प्रदेश राजधानी रहेको स्थानीय तहको प्रमुख | सदस्य |
| (च) प्रदेश राजधानी रहेको स्थानको उद्योग वाणिज्य संघको अध्यक्ष | सदस्य |
| (छ) सचिव, सामाजिक विकास मन्त्रलय | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार विज्ञ सदस्य आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको प्रदेश तालिम निर्देशन तथा समन्वय समितिको सचिवालय सामाजिक विकास मन्त्रलयमा रहनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ: -

(क) प्रदेश र स्थानीय तहले व्यहोर्ने लागत साझेदारीको अंश निर्धारण गर्ने,

(ख) स्थानीय तहबाट प्रस्ताव भई आएका तथा प्रदेशको आवश्यकता बमोजिमका तालिमका विषयगत क्षेत्र र बजेट निर्धारण गर्ने,

(ग) तालिम कार्यक्रमलाई प्रभावकारी र उपलव्धीमूलक बनाउन सम्बद्ध निकायहरुसँग समन्वय गर्ने,

(घ) तालिमबाट उत्पादित जनशक्तिलाई रोजगारी एवम् उद्यमशीलतासँग आवद्ध गर्न नीतिगत व्यवस्थाका साथै सम्बद्ध सरोकारवालासँग समन्वय र सहजिकरण गर्ने।

(ङ) लागत साझेदारी तालिम कार्यक्रम सञ्चालन तथा खर्च सम्बन्धी मापदण्ड स्वीकृत गर्ने

(च) उपदफा (१) बमोजिमको समितिले गर्नुपर्ने काम कर्तव्यका सम्बन्धमा उपसमिति गठन गरी सम्पादन गर्न सक्नेछ ।

७. <u>लागत साझेदारीको ढाँचा</u>: (१)व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रममा संघ, प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारी हुनेछ।

(२) तालिमको लागत अनुमान अनुसार संघीय सरकारको ६० प्रतिशत र प्रदेश सरकार तथा स्थानीय तहको ४० प्रतिशत लागत साझेदारी हुनेछ।

तर चालु आर्थिक वर्ष२०७७/७८ को तालिम कार्यक्रमको हकमा लागत अनुमान अनुसार संघीय सरकारको ८० प्रतिशत र प्रदेश सरकार तथा स्थानीय तहको २० प्रतिशत लागत साझेदारी हुनेछ ।

(३) स्थानीय तहको लागत साझेदारीको अंश प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(४) प्रदेश र स्थानीय तहले व्यहोर्ने लागत सहभागिता उपलव्ध गराउँदा आफ्नो सीपमूलक कार्यक्रमलाई समेत यसै कार्यविधि मार्फत सन्चालन गर्नेगरी लागत सहभागितामा समावेश गर्न सकिनेछ ।

परिच्छेद-३

## तालिम पाठ्यक्रम,प्रशिक्षक र प्रशिक्षार्थी

८. तालिमको पाठ्यक्रमः नेपाल सरकार वा प्रदेश सरकारबाट तालिम पाठ्यक्रम निर्माण गर्न स्वीकृति पाएका निकायबाट निर्धारित तथा स्वीकृतपाठ्यक्रमलाई तालिम पाठ्यक्रमको आधार मानिनेछ।

९. व्यावसायिकसीप विकास तथा उद्यमशीलता तालिमका प्रकारः संघ, प्रदेश सरकार तथा स्थानीय तहको लागत साझेदारीमा सञ्चालन गरिने तालिमका प्रकार देहाय बमोजिमका हुनेछन,-

(क) **आधारभुत सीपमूलक तालिम** -प्रशिक्षार्थीहरुलाई विषयगत तालिम पाठ्यक्रम अनुसार सैद्धान्तिक विषयका साथै प्रयोगात्मक विधिवाट प्रदान गरिने कम्तिमा १६० कार्यघण्टाको तालिम ।

(ख) **सीप अभिवृद्धि तालिम** - आधारभूत सीपमूलक तालिम लिएकोवा कुनै पेशा वा व्यवसाय गरिरहेको वा परम्परागत सीप अनुसारको व्यवसाय संचालन गरिरहेको व्यक्तिलाई सोही विषयमा पेशागत दक्षता अभिवृद्धि गर्न निर्धारित पाठ्यक्रममा आधारित भई सीप अभिवृद्धि गरिने तालिम। जुन तालिममा सहभागी हुन सम्बन्धित विषयमा आधारभूत सीपमूलक तालिम लिएको वा सो पेशा वा व्यवसाय गरेको हुनुपर्नेछ।

(ग) **उद्यमशीलता विकास तालिम - खण्ड** (क) र (ख) बमोजिमको आधारभूत सीपमूलक तालिम वा सीप अभिवृद्धि तालिमको अन्तमा प्रशिक्षार्थीलाई उद्यमी बन्न वा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न स्वीकृत पाठ्यक्रम बमोजिम प्रदान गरिने तीन कार्यदिनको तालिम ।

(घ) **छोटो अवधिको घुम्ती तालिम** -तालिममा सबैको पहुँच बढाउन तालिमका सहभागीहरु रहेको नजिकको स्थानमा रहेको तालिम संरचना एवम् पूर्वाधारको उपयोग गरी सन्चालन गरिने तालिम ।यस्तो घुम्ती तालिमको अवधि १६० घण्टा भन्दा कम पनि हुन सक्नेछ । यस्तो घुम्ती तालिम कूल तालिम संख्याको २० प्रतिशत भन्दा बढी हुनेछैन।

१०. तालिम सञ्चालनः प्रदेश सरकारले देहाय बमोजिमको निकाय वा माध्यम मार्फत तालिम कार्यक्रम सन्चालन गर्न सक्नेछः-

(क) सामाजिक विकास मन्त्रालय आफै वा प्रदेश सरकार मातहतका तालिम प्रदायक संस्था मार्फत,

(ख) स्थानीय तह वा स्थानीय तह मातहतका तालिम प्रदायक संस्था मार्फत,

(ग) सामाजिक विकास मन्त्रालय वा स्थानीय तहलेमान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट नियमानुसार बाह्य पक्ष सेवा खरिद (आउटसोर्सिङ्ग) मार्फत ।

(घ) सिटीइभिटीबाट सम्बन्धन प्राप्त प्राविधिक विषयको पढाइ सञ्चालन गर्ने विद्यालयहरु मार्फत

११. <u>प्रशिक्षकहरूको योग्यता तथा सुविधा</u>ः (१) सीपमूलक तालिम सञ्चालन गर्न देहाय बमोजिमको योग्यता भएको प्रशिक्षकलाई निम्नानुसारको सुविधा उपलव्ध गराइनेछः

| क्र.सं. | शैक्षिक योग्यता, तालिम वा अनुभव | सेवा सुविधा |
|---|---|---|
| १. | <u>प्रशिक्षकः</u><br>संम्बन्धित विषयमा मान्यता प्राप्त संस्था, विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गरी शिक्षणप्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाण-पत्रडिप्लोमा तह उत्तिर्ण गरेको शिक्षण-प्रशिक्षण तालिम लिएको र कम्तिमा ५ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह -३ उत्तिर्ण गरी ५ वर्षको कार्य अनुभव भएको । | नेपालसरकारको राजपत्रांकित तृतीय श्रेणीको शुरु तलव स्केल । |
| २. | <u>सहायक प्रशिक्षकः</u><br>सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट प्रमाण-पत्र/डिप्लोमा तह उत्तिर्ण गरी शिक्षण/प्रशिक्षण तालिम लिएको वा सीप तह-३ उत्तीर्ण भएको वा प्राविधिक एस.एल.सी. वा सीप तह-२ उत्तिर्ण गरी ३ वर्षको कार्य अनुभव भएको । | नेपाल सरकारको राजपत्र अनंकित प्रथम श्रेणीको शुरु तलव स्केल । |
| ३. | <u>प्रशिक्षण सहायकः</u><br>सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. उत्तिर्ण वा सीप तह-२ उत्तीर्ण गरी शिक्षण/प्रशिक्षणको तालिम लिएको। | नेपाल सरकारको राजपत्र अनंकित द्धितीय श्रेणीको शुरु तलव स्केल । |

(२) उद्यमशीलता विकास तालिमको प्रशिक्षकको हकमा पाठ्यक्रममा उल्लेख भए बमोजिमको विषयमा स्नातक उपाधि हासिल गरी प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लिएको हुनुपर्नेछ ।

(३)१६० घण्टा भन्दा कम अवधिको घुम्ती तालिमको प्रशिक्षकको योग्यता र सुविधा सम्बन्धित प्रदेश वा स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

१२. <u>प्रशिक्षक छनौटका आधार</u>ः (१) प्रदेश सरकार वा स्थानीय तह आफैले आफ्ना मातहतका तालिम केन्द्रबाट तालिम सन्चालन गर्दा तालिम अवधिभरका लागि प्रशिक्षक करार सेवामा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम तालिम दिने प्रयोजनका लागि आवश्यक प्रशिक्षक देहायको आधारमा प्रतिस्पर्धाबाट छनौट गर्नुपर्नेछः

क. शैक्षिक योग्यताः दफा ११ मा उल्लेखित शैक्षिक योग्यताको लागि १० अङ्क(प्रथम श्रेणी १०, द्धितिय श्रेणी ९ र तृतिय श्रेणी ८ अङ्क )

ख. कार्य अनुभव : १० अङ्क(प्रत्येक वर्षका लागि २ अङ्कका दरले )

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

ग. तालिम सञ्चालन हुने सम्बन्धित स्थानीय तहमा स्थायी बसोबास भएको : २ अङ्क

घ. समावेशी समूहको लागि : १ अङ्क

ङ. अन्तरवार्ता : २ अङ्क

३. उपदफा (२) बमोजिम प्रशिक्षक छनौट गर्न सामाजिक विकास मन्त्रालय वा स्थानीय तहले अधिकृत कर्मचारीको संयोजकत्वमा छनौट समिति गठन गर्नेछ ।

१३. **प्रशिक्षार्थीको योग्यता र छनौटसम्बन्धी व्यवस्थाः** (१) प्रशिक्षार्थीछनौट प्रयोजनको लागि देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछ :-

(क) १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको नेपाली नागरिक,

(ख )पाठ्यक्रममा तोकिए बमोजिमको शैक्षिक योग्यता भएको।

(२) सीपमूलक तालिममा सहभागी हुन इच्छुक प्रशिक्षार्थीहरुलाई आवेदनका लागि १५ दिनको सार्वजनिका सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ र यस्तो सूचना सम्वन्धित निकायको वेव साइटमा समेत प्रकाशित गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम तालिममा सहभागी हुन इच्छुक प्रशिक्षार्थीले अनुसूची- ३ बमोजिमको ढाँचामा आवेदन फाराम पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त आवेदन संख्या सूचनामा तोकिएको संख्या भन्दा कम परेमा पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम प्राप्त भएका आवेदनहरु अनुसूची-४ बमोजिमको ढाँचामा मूल्याङ्कन गरी प्रशिक्षार्थी छनौट गर्नको लागि देहाय बमोजिमको छनौट समिति रहनेछः

| | | |
|---|---|---|
| क. | सामाजिक विकास मन्त्रालय वा स्थानीय तहले तोकेको अधिकृत प्रतिनिधि | संयोजक |
| ख. | सम्बन्धित विषयको विषय विज्ञ/प्रशिक्षक | सदस्य |
| ग. | सम्बन्धित जिल्ला/स्थानीय तहकोउद्योग वाणिज्य संघको प्रतिनिधि वा उक्त संघको प्रतिनिधि उपलव्ध हुन नसकेमा निजि क्षेत्रको प्रतिनिधि | सदस्य |
| घ. | तालिम संयोजक | सदस्य सचिव |

(६) प्रत्येक समूहमा २० देखि २५ जना प्रशिक्षार्थी राखी तालिम सञ्चालन हुनेछ ।

१४. **प्रशिक्षण विधि**:(१) तालिम सञ्चालन गर्दा देहाय बमोजिमको प्रशिक्षण बिधि अवलम्वन गरिनेछः

क. तालीमको बिषयबस्तु सम्बन्धी सैद्धान्तिक ज्ञानको लागि व्याख्यान विधि,

ख. तालीमको विषयवस्तुको व्यवहारिक ज्ञानको लागि प्रयोगात्मक विधि,

ग. अवलोकन,

घ. नमूना उत्पादन,

ङ. उद्यम व्यवसाय प्रति आकर्षित गर्न उद्यम व्यवसायको बारे जानकारी दिन, सफल उद्यम सञ्चालन गर्न आवश्यक पर्ने बजार, बिक्रयकला, लेखापालन, बजारीकरण रणनीति आदि बारेमा जानकारी दिन उद्यमशीलता विकास सम्बन्धी ज्ञान ।

(२) सबै सीपमूलक तालीम सञ्चालनको समयावधि दैनिक कम्तिमा ६ (छ) घण्टा र साप्ताहिक ३४ (चौतीस) घण्टाको हुनेछ ।

तर उद्यमशीलता विकास तालिमको हकमा स्वीकृत पाठ्यक्रम अनुसार हुनेछ ।

(३) तालीम सञ्चालन गर्ने प्रशिक्षकले मासिक कार्यतालिका (पाठयोजना) बनाई प्रशिक्षार्थीलाई अग्रिम जानकारी गराउनुपर्नेछ । सोको जानकारी अनुगमन गर्ने पदाधिकारी र निकायलाई पनि दिनुपर्नेछ ।

(४) तालिमको अन्तिम चरणमा तालिमको विषय हेरी लिखित वा प्रयोगात्मक वा दुवै परीक्षा लिएर तालिमको गुणस्तर मूल्यांकन गरिनेछ ।प्रशिक्षकले सो मूल्यांकन गरी प्रतिवेदन सहित पेश गर्नुपर्नेछ ।

१५. सीप परीक्षणः (१) प्रदेश सरकार वा स्थानीय तहले व्यावसायिक तथा सीप विकास तालिम सफलतापूर्वक सम्पन्न गर्ने प्रशिक्षार्थीलाई तालिमको समाप्ति पछि सरकारी मान्यता प्राप्त सीप परीक्षण गर्ने निकायबाट अनिवार्य रुपमा सीप परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सीप परीक्षण गर्न लाग्ने शुल्क वापतको रकम तालिमको लागत अनुमानमा समावेश गर्नुपर्नेछ

## परिच्छेद-४
## विविध

१६. व्यवस्थापनसम्बन्धीः

(१) खाजा खर्चः तालिममा सहभागी हुने प्रशिक्षार्थी/प्रशिक्षकहरुलाई दैनिक हाजिरीका आधारमा खाजा खर्च बापत प्रति व्यक्ति प्रतिदिन रु ५०/- उपलब्ध गराइनेछ तर खाजाको व्यवस्था तालिम सञ्चालन गर्ने निकाय एवम् तालिम प्रदायक संस्थाहरुबाटै भएकोमा खाजा खर्च दिइनेछैन ।

१.१ मसलन्द खर्च: ७ दिनसम्म प्रति कार्यक्रम रु . १२००।- र ३० कार्यदिनसम्म वा सो भन्दा बढी प्रति कार्यक्रम रु. २२००।-

१.२तालिम संयोजक भत्ता: १५ दिनसम्म प्रतिदिन रु. २५०। र १५ दिनपछि प्रतिदिन रु.१५०।

१.३ विविध खर्च ( प्रमाणपत्र, पानी, सरसफाई, तुल, व्यानर आदि) ७ कार्यदिनसम्म प्रति कार्यक्रम रु. ८००।, ३० कार्यदिनसम्म प्रतिकार्यक्रम रु. १२००। र ३० कार्यदिन भन्दा बढी प्रति कार्यक्रम रु. १६००।

१.४ उपदफा (१.१),(१.२) र (१.३) मा उल्लेख भए बाहेकको अन्य खर्च गर्नुपर्ने भएमा सो रकमलाई लागत साझेदारीमा समावेश नगरी प्रदेश वा स्थानीय तहले प्रचलित निर्देशिका तथा मापदण्ड विपरित नहुने गरी आफ्नो श्रोतबाट व्यहोर्नु पर्नेछ ।

(२) **तालिमको हल भाडा खर्चः** प्रदेश सरकार वा स्थानीय तहलेसञ्चालन गर्ने तालिमको लागि आवश्यक तालिम कक्षा, भवनको व्यवस्था तालिम सञ्चालन गर्ने प्रदेश सरकार वा स्थानीय तहले निःशुल्क रुपमा गर्नुपर्नेछ ।

(३) **प्रमाण-पत्रः** कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्ने प्रशिक्षार्थीलाई मूल्यांकन प्रतिवेदनको आधार तथा दफा १५ बमोजिमको सीप परीक्षणको नतिजाको आधारमा अनुसूचि ५ को नमूना ढाँचा बमोजिम प्रमाणपत्र जारी गरिनेछ।

(४) **व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको अवस्थाः** तालिम कार्यक्रम सञ्चालन गर्दा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धी व्यवस्था निम्न अनुसार गर्नुपर्नेछः-

क) तालिम अवधिमा सुरक्षा सम्वन्धी सतर्कता, साबधानी र सुरक्षाका साधनहरु उपलब्ध गराई कार्यस्थलमा प्रयोगमा ल्याउनु पर्नेछ ।

ख) प्रशिक्षण कार्यस्थलमा प्राथमिक उपचार, स्वास्थ्य परीक्षण, आपतकालिन सेवा र गुनासो सुन्ने संयन्त्र व्यवस्थित गरिएको हुनुपर्नेछ ।

ग) व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्वन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**१७. <u>तालिममा उत्पादित सामानको व्यवस्थापन</u>:** प्रदेश सरकार वा स्थानीय तहले तालिम कार्यक्रम सञ्चालनको क्रममा उत्पादित समानहरुको अभिलेख राखी सो सामानहरुको व्यवस्थापन सोही निकायले गर्नेछ ।

**१८. <u>रकम भुक्तानी</u>:** दफा ६ बमोजिमको प्रदेश तालिम निर्देशन तथा समन्वय समितिले निर्धारण गरे बमोजिम रकम भुक्तानी हुनेछ।

**१९. थप आर्थिक दायित्व नपर्नेः** तालिम कार्य्रकममा लागत साझेदारीको लागि संघबाट विनियोजित बजेट बाहेक नेपाल सरकारलाई थप आर्थिक दायित्व सिर्जना नहुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**२०. खर्च लेखाङ्कन तथा लेखापरीक्षणः** (१) संघीय सरकारवाट प्राप्त सशर्त अनुदान कार्यक्रमको रकम तोकिएको खर्च शिर्षकमा मात्र खर्च गर्नुपर्नेछ ।

(२) शसर्त अनुदानको कार्यक्रमको लागि छुट्टै श्रेस्ता कागजात तथा खाता राख्नु पर्नेछ।

(३) आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको रकम संघको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।यसरी संघको सञ्चित कोषमा दाखिला गर्दा आर्थिक वर्ष, वजेट उपशीर्षक र कार्यक्रमको नाम समेत उल्लेख गरी वैंक दाखिला गर्नुपर्नेछ ।

(४) वित्तीय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रमको रकम सिधै प्रदेश सरकारमा पठाईने भएको हुँदा उक्त रकमको लेखा राख्ने र लेखापरीक्षण गर्ने जिम्मेवारी सम्वन्धित प्रदेश सरकारको हुनेछ।

(५) कार्यक्रम सञ्चालन गर्दा मितव्ययी किसिमले बेरुजु नआउने गरी खर्च गर्नुपर्नेछ ।बेरुजु देखिएमा खर्च गर्ने निकायबाट फछ्यौंट तथा सम्परीक्षण गर्नुपर्नेछ ।

२१. <u>अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन</u>: **(१)** संघ, प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा सञ्चालन गरिने तालिमको अनुगमन तथा मूल्याङ्कनमा देहाय बमोजिम हुनेछ :

(क) प्रदेश तथा स्थानीय तहले तालिम कार्यक्रमको नियमित अनुगमन गर्नुपर्नेछ ।

(ख) मन्त्रालय र तालिम प्रतिष्ठानबाट समेत तालिम कार्यक्रमको अनुगमन गर्न सकिनेछ ।

(ग) अनुगमनकर्ताले सञ्चालित तालिम कार्यक्रमको अनुगमन गरी लिखित पृष्ठ पोषण सहित अनुसूची ६ बमोजिमको प्रतिवेदन आफ्नो तालुक निकायमा पेश गर्नुपर्नेछ ।

(२) लागत साझेदारीमा तालिम सञ्चालन गर्दा प्रदेशको सामाजिक विकास मन्त्रालयले प्रदेश तथा स्थानीय तहले सञ्चालन गरेको तालिमको प्रकृति र मापदण्ड अनुसार सैद्धान्तिक तथा प्रयोगात्मक सिकाई उपलव्धी हासिल भए/नभएको उल्लेख गरी तालिम कार्यक्रमको चौमासिक, अर्धवार्षिक तथा वार्षिक मूल्याङ्कन गरी अनुसूची ७ बमोजिमको ढाँचा बमोजिमको प्रतिवेदन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन सामाजिक विकास मन्त्रालयले सार्वजनिक समेत गर्नुपर्नेछ ।

२२. <u>कार्यविधिको व्याख्या</u>: (१) यस कार्यविधिका अनुसूचिहरु आवश्यकता अनुसार मन्त्रालयले थपघट वा हेरफेर गर्न सक्नेछ।

(२) यस कार्यविधिमा उल्लेखित व्यवस्था विद्यमान ऐन, कानूनसँग बाझिएको अवस्थामा सोही कानूनी व्यवस्था लागू हुनेछ ।

(३) प्रदेश र स्थानीय तहले यस कार्यविधिको प्रावधानको प्रतिकूल नहुने गरी तालिम कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक मापदण्ड निर्माण तथा अन्य आवश्यक प्रवन्ध गर्न सक्नेछन् ।

२३. <u>बाधा अडकाउ फुकाउने</u>: यस कार्यविधिमा उल्लेखित विषयमा कुनै द्विविधा उत्पन्न भएमा वा कार्यान्वयनका क्रममा बाधा परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्नेछ ।

अनुसूची -१

दफा ४ को खण्ड (च) सँग सम्वन्धित

<u>लागत साझेदारी तालिम सम्वन्धी प्रस्ताव आव्हान फाराम</u>

फोन नं. :-

इमेल: -

आर्थिक वर्ष ............................

......................... विषयको सीपमूलक तालिम कार्यक्रम संचालन सम्वन्धी प्रस्ताव

(प्रस्ताव पेश गर्ने संस्थाको विवरण)

| |
|---|
| स्थानीय तह/संस्थाको नाम :- .............................................................................................................................. ... |
| ठेगाना :- .............................................................................................................................. .......... |

.................... विषयक सीपमूलक तालिम संचालन सम्वन्धी

<u>प्रस्ताव पेश गर्ने संस्थाको विवरण</u>

१ स्थानीय तह/ संस्थाको नाम :-

२ ठेगाना :-

३ फोन नं. :-

४ इमेल ठेगाना :-

५ सम्पर्क व्यक्तिको नाम

सचिव

६ तालिमको विषय :-

७ तालिम अवधि :-

८ कक्षा संचालन गर्ने मिति:-

९ स्थानीय तह/संस्थाको सामान्य परिचय :

१० सीपमूलक तालिम संचालन सम्बन्धी क्रियाकलाप :

११ संचालन गर्न प्रस्ताव गरिएको तालिमको विवरण :

क. माग गरिएको तालिमको विषयः

ख. प्रशिक्षार्थी संख्याः

ग. तालिंमको समयावधिः

१. महिना/हप्ताः

२. कूल कार्य (दैनिक........ घण्टा/..........दिन./..........हप्ता)........घण्टा

घ. तालिम संचालन हुने मितिः

१२. प्रशिक्षकहरु (विषयगत–प्रमाणपत्र, वैयक्तिक विवरण (शैक्षिक योग्यताका प्रतिलिपि संलग्न गर्नु पर्नेछ) को वैयक्तिक विवरण (नाम) :-

१.

२.

३.

१३. स्थानीय तह/संस्थाले माग गरिएको तालिमकोपूर्वाधारको अवस्था :

सचिव

क. भवन या भाडाको घर (खुलाउने):-

ख. तालिम सामग्री :-

ग. कक्षा कोठा (साइज खुलाउने):-

घ.फर्निचर (टेबुल, कुर्सी) (संख्या खुलाउने):-

ङ. प्रयोगात्मक कक्षा÷कोठा (साइज खुलाउने):-

ङ. चमेनागृह र पार्किङको व्यवस्था :-

च. सौचालयको अवस्था (महिला/पुरुष अलग-अलग भए/नभएको):-

छ. अन्य सान्दर्भिक विवरण (भए खुलाउने):-

१४. संचालन गर्न प्रस्ताव गरिएको तालिमको उद्देश्यः

१५. तालिमवाट लाभान्वित हुने क्षेत्र, वर्ग र प्राप्त हुने अपेक्षित उपलब्धिहरुः-

१६. प्रस्तावित तालिमका लागि वार्षिक बजेटमा विनियोजन भएको रकमः-

मिति :

................................
प्रमाणित गर्ने व्यक्ति

छाप :

अनुसूची- २

दफा ४ को खण्ड (ठ) सँग सम्वन्धित

तालिमका क्षेत्र र विषयहरु

| क.सं. | तालिमको क्षेत्र | विषयहरु |
|---|---|---|
| १. | निर्माण क्षेत्र | मेसन, स्काफोल्डिङ्ग, सटरिङ्ग कार्पेन्ट्री, स्टिल फिक्स्चर, प्लम्बिङ्ग, विद्युत ज अटोमेकानिक्स, मोटरसाईकल मर्मत, ड्राईभिङ्ग, जनरल मेकानिक्स, वेल्डिङ्ग, पम्पसेट मेकानिक्स, मोवाइल,टि.भि, कम्प्यूटर, इन्भर्टर मर्मत, सिव डकर्मी,हेभी इक्युपमेन्ट |
| २. | कृषि क्षेत्र | पशु स्वास्थ्य कार्यकर्ता, कृषि कार्यकर्ता, तरकारी खेती, नगदे वाली, कृषिजन्य पदार्थको प्रशोधन, खाद्य सामग्री उत्पादन, च्याउ खेती, मौरी पाल बंगुर पालन, कुखुरा पालन, जडिबुटि खेती, जडिबुटि प्रशोधन, अल्लोप्रशो हाते कागज निर्माण, ऊन प्रशोधन, |
| ३. | सेवा क्षेत्र | ब्यूटी पार्लर, केयर गिभर, मन्टश्वरी तालिम |
| ४. | कला क्षेत्र | थाङ्का, मूर्तिकला, वेतवांस, मिथिला पेन्टिङ्ग, वुड कार्भिङ्ग, स्टोन कार्भिङ्ग, छवाली कला, कपडामा जरी भर्ने र पेन्टिङ्ग गर्ने, माला, थैली, पर्स बनाउने, पेन्टि फोटो फ्रेम लेमिनेशन, पोते माला, सजावटका सामान उत्पादन गर्ने |
| ५. | पर्यटन क्षेत्र | कुक, वेटर÷वेट्रेस, हाउस किपिङ्ग, हाउस मेड, बारमैन, सेल्स पर्सन, फ्रन्ट अफिस मेनेजमेन्ट, सेक्रेटरी, टुरिष्ट गाइड |
| ६. | होजियारी तथा त पोशाक | सिलाई कटाई, ढाका बुनाई, गार्मेन्ट्स, गलैंचा, राडी पाखी बुनाई, इम्ब्रोईडरी फेशन डिजाइन, बक्रम बनाउने, धागो बुन्ने |
| ७. | खाद्य सामग्री प्रशोधन | कुकिज, पाउरोटी, जुस, बिस्कुट, अचार, सस बनाउने, वारिष्ट्रा, चिया प्रशोधन लप्सी प्रशोधन, अदुवा प्रशोधन, अलैंची प्रशोधन, अमला प्रशोधन, बेसार प्रशोधन, टिमुर प्रशोधन, खुरसानी प्रशोधन, विउ विजन प्रशोधन, । |
| ८. | सूचना र प्रविधि | Front end डिजाइन, वेबसाइट डिजाइन, ग्राफिक्स डिजाइन, डाटावेश तथा सफ्टवेयर निर्माण, MIS Office package, डाटा प्रशोधन (SPSS, Data mining) |
| ९. | अन्य क्षेत्र | मैनबत्ती, अगरबत्ती, खाम बनाउने, व्रिकेट निर्माण, प्लाष्टिक मोल्डिङ्ग, सेक्युरिटी गार्ड,बुकबाइण्डिङ्ग तथा जीवीकोपार्जन सम्बन्धि अन्य ता लगायत होटल, उद्योग सम्बन्धी तालिम, नर्सरी व्यवस्थापन। |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

अनुसुची - ३

(दफा १३ को उपदफा (३)सँग सम्बन्धित )

**<u>तालिम आवेदन फाराम</u>**

श्री ................................

.................................... ।

महोदय,

त्यस ...................... बाट मिति ...................... मा प्रकाशित सूचना अनुसार सञ्चालन गरिने ...................... विषयको सीपमूलक/उद्यमशीलता विकास तालिममा सरिक हुने मेरो इच्छा भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरी नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, पहिचान पत्रको प्रतिलिपी र ............ उत्तिर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि सहित यो निवेदन पेश गरेको छु ।

१. निवेदनको व्यक्तिगत विवरण:

क. नाम थर :

ख. बाबुको नाम थर:

ग. आमाको नाम थर

घ. ठेगाना :

स्थायी :

अस्थायी :

ङ. उमेर : ........ वर्ष    च. लिङ्ग : महिला ☐  पुरुष ☐  अन्य ☐

छ. नागरिकता नं :    ज. जारी भएको जिल्ला :

झ. सम्पर्क टेलिफोन नं. :    ञ. इमेल :

ट. वैवाहिक स्थिति : विवाहित/अविवाहित/एकल

ठ. शैक्षिक योग्यता :

ड. परिवारको किसिम र संख्या : एकल/संयुक्त .......... जना

ढ. परिवारको आय आर्जनको श्रोत :

२. हालको पेशा :

३. परिवारको अनुमानित बार्षिक आम्दानी :

४. यस भन्दा अघि कुनै तालिम लिनु भएको ☐  हैन ☐ ?

<u>यस अघि तालिम लिएको भए,</u>

सचिव

- तालिमको विषयः ........................
- तालिमको अवधि : .........................
- तालिम लिएको मिति : .........................
- तालिम दिने संस्था : .........................
- प्राप्त तालिमको उपयोग स्थिति : .........................
- स्वरोजगार/रोजगार/वैदेशिक रोजगारको अवस्था: .........................

५. तालिम लिन चाहनुको उद्देश्य:

६. तालिम पश्चातको कार्ययोजना :

तालिम पश्चात सीप अनुरुपको उद्यम/व्यवसाय गर्ने दृढ निश्चय गरेको छु ।

........................................

आवेदकको सही

नाम र थर:....................................

मितिः ....................................

## अनुसूची - ४

(दफा १३ को उपदफा (५) सँग सम्बन्धित )

### प्रशिक्षार्थी छनौट मूल्यांकन फाराम

(अन्तरवार्ता प्रयोजनको लागि)

विषय:

आवश्यक संख्या:

मिति:

| क्र. स. | आवेदक को नाम, थर | ठेगाना | पारिवारिक पृष्ठभूमी र आयस्तर (१०) | व्यावसायिक व्यक्तित्व (२०) | व्यबसायिक सीप उपयोगिता स्तर (२०) | प्रतिवद्धतास्तर (२०) | उद्यमशीलता लक्षण (२०) | लक्षित समूह पहिचान (१०) | कूल प्रासांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अन्तरवार्ताकारको नाम:

दस्तखत:

मिति :

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची - ५

दफा १६ को खण्ड (३) सँग सम्वन्धित

**प्रमाण-पत्रको नमूना ढाँचा**

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

................................प्रदेश

वा ............................... गाउँपालिका/नगरपालिका

......................प्रदेश

Photo

**Citizenship No. ..................**

**प्रमाण-पत्र**

सामाजिक विकास मन्त्रालय, ....................प्रदेश / ................................ गाउँपालिका/नगरपालिकाद्वारा मिति .......................... देखि ..................... सम्म संचालित ................ दिने (कूल ......... घण्टा) ................ विषयक तालीममा .................................. बस्ने श्री ........................................... का छोरा/छोरी श्री .................................. सहभागी भई सीप सिक्नु भएकोले स-धन्यवाद यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

**Government of Province**
**Ministry of Social Development**
**.......................... Province**
**Or**
**..................... Rural Municipality/Municipality**
**.................. Province**

**CERTIFICATE**

This is awarded to Mr/Ms ............................ Son/Daughter of Mr/Mrs ......................................... permanent resident of ....................... for successfully completion of training programme and acquiring skills on .......................... course from ................. to ....................... (total ............. days ........... credit hours).

This training programme is conducted by ........................ in ........................ with financial support of Ministry of Socail Development, .............. Province or ..................... Rural Municipality/Municipality.

| | | |
|---|---|---|
| .......................... | ......................... | ......................... |
| प्रशिक्षक<br>Instructor | संस्था प्रमुख<br>Institution's Chief | |

Date: ..............................

अनुसूची-६

(दफा २१ को उपदफा (१) खण्ड (ग) सँग सम्बन्धित )

## तालिम अनुगमन फाराम

**क) तालिमको परिचय :**

तालिमको नाम : ...................................................तालिम समूह नं. .................

तालिम सञ्चालन भएको प्रदेश .....................:जिल्ला: ...................... गा.पा./न.पा. : ............

वार्ड नं . ........... तालिम शुरु भएको मिति: ................ तालिम सम्पन्न मिति: .................................. तालिम संचालन भएको समय : .........देखि ...................... सम्म

प्रशिक्षार्थी संख्या जम्मा : ............................ .(महिला ........ पुरुष....... )

अनुगमन दिनको उपस्थिति जम्मा : ........... (महिला............पुरुष .........)

अनुगमन गर्दा तालिम चलेको जम्मा दिन ...............

मुख्य प्रशिक्षकको नाम : ..................... योग्यता : ............ सम्पर्क नं. .......................

सहायक प्रशिक्षकको नाम : ..................... योग्यता : ............ सम्पर्क नं. .................

तालिम संयोजकको नाम : ..................... योग्यता : ............ सम्पर्क नं. .................

**ख) तालिम व्यवस्थापन :**

| क्र.सं. | विवरण | अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | छ | छैन | केही छ | |
| १ | तालिम कक्षको उपलब्धता (बत्ति, प्रकाश, हावा पास हुने, खाने पानीको व्यवस्था, हल्ला नहुने स्थान, फर्निचरको व्यवस्था, शौचालयको व्यवस्था) | | | | |
| २ | पाठ्यक्रम म्यानुअल, NOSS को उपलब्धता र प्रयोग | | | | |
| ३ | पाठ्यक्रम अनुसार तालिम योजना वनाएर भित्तामा टांसेको | | | | |
| ४ | प्रशिक्षार्थीहरुलाई कपि कलम दिएको | | | | |
| ५ | प्राथमिक उपचारको साधन तालिम कक्षमा राखेको | | | | |
| ६ | Fact Sheet र Banner को व्यवस्था गरेको | | | | |
| ७ | खाजाको व्यवस्था गरेको | | | | |
| ८ | प्रयोगात्मक कक्षाको लागि सामग्रीको व्यवस्था गरेको | | | | |
| ९ | औजार र मेशिनहरुको व्यवस्था गरेको | | | | |

**ग) तालिम कार्यान्वयन :**

| क्र.सं. | विवरण | अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | छ | छैन | केही छ | |
| १ | दैनिक पाठ्योजनाको आधारमा | | | | |
| २ | प्रशिक्षक र प्रशिक्षार्थीहरुको हाजिर लिने गरेको | | | | |
| ३ | तालिम Log Book भर्ने गरेको | | | | |
| ४ | तालिम निर्धारित समयमा शुरु हुने र सकिने गरेको | | | | |
| ५ | प्रशिक्षकहरु नियमित आउने गरेको | | | | |
| ६ | प्रशिक्षार्थीहरु नियमित आउने गरेको | | | | |
| ७ | जीवनोपयोगी सीप अभिमुखीकरण संचालन गरेको | | | | |
| ८ | व्यावसायिक सीप अभिमुखीकरण संचालन गरेको | | | | |
| ९ | कार्यालय तालिम (OJT) को योजना बनाएको | | | | |
| १० | तालिम पश्चात रोजगारमा जाने व्यक्तिहरुको योजना वनाएको | | | | |
| ११ | प्रशिक्षकले Module को अन्तमा जांच लिने गरेको | | | | |
| १२ | अनुगमन/आगन्तुक पुस्तिकाको प्रयोग गरेको | | | | |
| १३ | नमूना सीप परीक्षण गराएको | | | | |

घ) सीप परीक्षण एवं रोजगारी सहजीकरण :

| क्र.सं. | विवरण | अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | छ | छैन | केही छ | |
| १ | सीप परीक्षण तयारी गरेको | | | | |
| २ | सीप परीक्षणो लागि आवश्यक सामग्रीको व्यवस्था | | | | |
| ३ | विभिन्न संघ/संस्थाहरुसंगको समन्वय | | | | |
| ४ | रोजगारी पदस्थापनको सहयोग | | | | |

ङ) प्रशिक्षार्थीले दिएको सुझाव :

च) प्रशिक्षकले दिएको सुझाव :

छ) तालिम प्रदायक संस्थाको प्रतिक्रिया र योजना :

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

| भनाइ | योजना |
| --- | --- |
| | |

अनुगमनकर्ताको नाम : हस्ताक्षर

मिति :

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

## अनुसूची -७

(दफा २१ को उपदफा (२) सँग सम्बन्धित )

## तालिम सम्पन्न प्रतिवेदन

१. तालिमको बिषयः

२. तालिमको उद्देश्यः

३. तालिम सञ्चालित स्थानः

४. तालिमको अवधिः

५. तालिम सञ्चालित मिति ..................देखि.................. सम्म

६. तालिम सञ्चालन गर्ने निकाय :

७. प्रशिक्षकको नाम र ठेगानाः

८. तालिम प्रकृयाः

९. सहभागीहरुको विवरणः

| क्र. सं. | नाम र ठेगाना | उमेर | लिंग | | शैक्षिक योग्यता | हाजिरी दिन | सीप परीक्षणमा उत्तिर्ण/ अनुत्तिर्ण | सम्पर्क फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | | | | |
| | | | | | | | | | |

१०. उपलब्धिहरुः

११. तालिमबाट उत्पादित सामानको विवरण र अवस्थाः

१२. प्रशिक्षकबाट सहभागीहरुको मूल्यांकनः

१३. तालिमको सैद्धान्तिक र प्रयोगात्मक सिकाईको अवस्था :

१४.सीप परीक्षणमा उत्तिण/ अनुत्तिर्ण संख्याः

१५. तालिमको क्रममा सृजित समस्या तथा सवालहरुः

१६. तालिम सञ्चालन पश्चात प्रशिक्षार्थिहरुको मनोभावना :

१७. सुधारका सुझावहरु (कार्य योजना सहित) :

............................ ............................ ....................................

तालिमसंयोजक | प्रशिक्षक | तालिम सञ्चालन गर्ने निकायको प्रमुख